# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८० माघ १ गते देखि २०८० साल चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन


रिब्दीकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

ईमेल: ito.ribdikot@gmail.com


२०८० बैशाख

# २०८० साल माघ १ गते देखि २०८० साल चैत्र मसान्त सम्म सम्पादित मुख्य क्रियाकलापहरु


प्रकाशक : रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना तथा प्रविधि शाखा

वेवसाइट : www.ribdikotmun.gov.np

ई-मेल ठेगाना : ito.ribdikot@gmail.com
info@ribdikotmun.gov.np

सम्पर्क नं : 9857078307, 9760870079

फेसबुक पेज : www.facebook.com/ribdikotmun

प्रकाशन : २०८१ बैशाख १३



रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बस्तौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

## विषयसूची


१. गाउँपालिकाको परिचय ........ १
क) निकायको स्वरुप र प्रकृति ........ १
ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार ........ २
ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा ........ २
घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ........ ३
ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ३
च) निर्णय गर्ने प्रकृति र अधिकार ........ ३
छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ४
ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी ........ ४
झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण ........ ४
ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण ........ ४
ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ........ ४
ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि ........ ४
ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ........ ४
ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण ........ ४
ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था ........ ५
क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ........ ५
ख) स्वास्थ्य संस्थाहरु तर्फ ........ ६
ग) विभिन्न कार्यक्रम तर्फ ........ ६
२. आ.ब २०८०।०८१ मा शाखागत रुपमा भए/गरेका कार्यको दोस्रो त्रैमासिक प्रतिवेदन
क) सेवा प्रशासन तथा सुशासन तर्फ ........ ६
ख) आर्थिक प्रशासन शाखा ........ ७
ग) कृषि र पशु विकास तर्फ ........ ७
घ) स्वास्थ्य सेवा तर्फ ........ ८
ङ) आर्युवेद तर्फ ........ ८
च) पूर्वाधार तर्फ ........ ९
छ) शिक्षा युवा तथा खेलकूल तर्फ ........ ९
ज) सहकारी तर्फ ........ १०
झ) सामाजिक सुरक्षा तर्फ ........ १०
ञ) महिला तथा बालबालिका विकास तर्फ ........ १०

ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ........................................................................................................१०
ठ) लघु उद्यम तर्फ..........................................................................................................................११
ड) म बनाउँछु मेरो रिब्दीकोट अभियान ..............................................................................................११
ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन ..........................................................११
ण) न्यायिक कार्य सम्पादन तर्फ ........................................................................................................११

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ। नेपाल सरकारले संविधानको भावना र मर्मअनुरसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७४४ स्थानीय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरी रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ। रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १८,७७० रहेको छ। यसको क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ। यसको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन्।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ। तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ। साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ।

### क) निकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो। यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ। जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

### ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने।

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| शिक्षा शाखा | : | अधिकृत आठौं मणि प्रसाद खनाल |
| आर्थिक प्रशासन शाखा | : | सहायक पाचौ टिकाराम बश्याल |
| प्रशासन शाखा | : | अधिकृत छैठौं रुकलाल भट्टराई |
| योजना शाखा | : | अधिकृत छैठौ काशीनाथ आचार्य |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य निरीक्षक सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | सूचना प्रविधि अधिकृत सुदिप पौडेल |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक दुर्गा पछाई |
| सामाजिक सुरक्षा/पञ्जीकरण | : | एम.आइ.एस अपरेटर सिर्जना नेपाल |
| महिला तथा बालबालिका | : | पुण्डरी अर्याल |
| राजश्व तथा जिन्सी | : | कम्प्युटर अपरेटर कमल श्रीस |
| पशु शाखा | : | सहायक पाँचौ गीता नेपाली |
| आ.ले.प | : | |
| कृषि शाखा | : | कृषि अधिकृत प्रज्ञा लाम्टाङ्गे |
| सहकारी | : | सहायक चौथो उमा खनाल |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| वडा नं. १ सचिव | : | अभिलास कुशवाहा |
| वडा नं. २ सचिव | : | हुम बहादुर बरौले |
| वडा नं. ३ सचिव | : | गणेश आचार्य |
| वडा नं. ४ सचिव | : | हिमा खड्का |
| वडा नं. ५ सचिव | : | सुमन रेश्मी |
| वडा नं. ६ सचिव | : | विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | सरस्वती खाती |

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: सेवाको प्रकृति अनुसार

च) निर्णय गर्ने प्रकृति र अधिकार : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, स्थानिय सरकार कार्यपालिका, गाउँ सभा, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु।

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :

कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखरेल

सूचना अधिकारी : रुकलाल भट्टराई

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु।

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण : वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको।

ट) निकायको वेवसाइटः www.ribdikotmun.gov.np

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ठ) निकायको इमेलः info@ribdikotmun.gov.np, ito.ribdikot@gmail.com

ड) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : छैन

ढ) रिब्दीकोट गाउँपालिको संचालन गरेको कार्यक्रम र सो को प्रगति विवरण :

वार्षिक बजेट बमोजिम ६० प्रतिशत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन भएको, पूँजिगत खर्च यस आर्थिक वर्षको तेस्रो त्रैमासिको अन्त्य सम्म २६ प्रतिशत खर्च भएको छ।

ण) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधिः छैन।

त) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय : छ ४ वटा

थ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण :

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आ.ब २०८०।०८१ तेस्रो त्रैमासिकको शाखागत रुपमा भए/गरेका कार्यको प्रतिवेदन।

## प्रशासन शाखा

१. रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ | ० | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | १ | ० | १ | १ | ० |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा.प्र. | २ | २ | ० | २ | ० |
| ७ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ | ० | १ | १ | ० |
| ८ | ज.स्वा.नि. | ६ औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सि.अ.न.मि. निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | आ.ले.प. | ५ औं | प्रशासन, लेखा | १ | ० | ० | ० | १ |
| ११ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | ७ | ६ | ० | ६ | १ |
| १२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | १ | १ | ० | १ | ० |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन, लेखा | १ | ० | ० | ० | १ |
| १४ | प्रा.स. | ५ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| १५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ४ | २ | २ | ४ | ० |
| १६ | सहायक | ५ औं | कृषि | २ | ० | १ | १ | १ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ | १ | ० | १ | ० |
| १९ | अ.सब.इन्जिनियर | ४ औं | इन्जिनियरिङ्ग, सिभिल | ६ | ४ | १ | ५ | १ |
| २० | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ्ग, सिभिल, सेनिटरि | १ | ० | १ | १ | ० |
| २१ | स.म.वि.नि. | ४ औं | विविध | १ | १ | ० | १ | ० |
| २२ | सहायक | ४ औं | कृषि | १ | ० | १ | १ | ० |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| २४ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.ड.डे. | १ | १ | ० | १ | ० |
| २५ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ५ | १ | १ | २ | ३ |
| जम्मा | | | | ४५ | २८ | ८ | ३६ | ९ |

## ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.स | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | १ | ० | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य हे.ई. | ८ | ४ | ३ | ७ | १ |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य क.न. | १ | १ | ० | १ | ० |
| ४ | कविराज | ५ औं | स्वास्थ्य आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व. | ४ औं | स्वास्थ्य हे.ई. | १७ | १६ | १ | १७ | ० |
| ६ | अ.न.मि. | ४ औं | स्वास्थ्य क.न. | १७ | १७ | ० | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट | ४ औं | स्वास्थ्य ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | ० | १ | १ | ० |

## ग) विभिन्न कार्यक्रम तर्फ:

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | १ | ० |
| २ | रोजगार संयोजक | १ | १ | ० |
| ३ | प्राविधिक सहायक | १ | १ | ० |
| ४ | रोजगार सहायक | १ | १ | ० |
| ५ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |
| ६ | फिल्ड सहायक | १ | १ | ० |
| ७ | उद्यम विकास सहजकर्ता | १ | १ | ० |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## सेवा प्रवाह तथा सुशासन तर्फ:

- सेवा प्रवाहमा जनताको सहज पहूच कायम गर्नका लागि वडा नं ७ को मैनादी, ८ नं वडाको फेक र ६ नं वडाको ढुस्टुंगमा एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ।
- जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उधोग कार्यालयको समन्वयमा बजार अनुगमन कार्य निरन्तर गरिएको छ।
- सेवाग्राहीलाई तातो चिसो शुद्ध खानेपानीको व्यवस्था गरिएको छ।
- कृषि सूचना प्रवाहका लागि इ-चौतारीको निरन्तरता कायम।
- सेवा प्रवाहमा सेवाग्राही मैत्री बनाउन पहल भइरहेको छ।
- गाउँपालिकाको परिसरलाइ सेवाग्राहीमैत्री बनाइएको छ।
- भुक्तानी तर्फ नगदरहित EFT System लाइ प्रोत्साहित गरिएको छ र राजश्व भुक्तानीलाइ समेत नगदरहित QR Code मा लगी पारदर्शी बनाइएको छ।
- गाउँपालिकामा थप कर्मचारी नियुक्त गरी कार्यसम्पादन प्रभावकारी गरिएको।
- गाउँपालिकाको सभाहललाई आकर्षक र व्यवस्थित बनाइएको छ।

## शिक्षा युवा तथा खेलकुद तर्फ

- १० बर्षे गाउँ शिक्षा योजना निमार्ण कार्य सम्पन्न भएको।
- स्थानीय पाठ्क्रम निमार्णका लागि मस्यौदा तयारी भएको।
- कक्षा १-३ को एकिकृत पाठ्यक्रम र कक्षा ५, ८ र १० को नयाँ पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सम्पन्न भएको।
- चार वटा विद्यालयमा किशोरीहरुको रक्तअल्पता परिक्षण सम्पन्न भएको।
- विद्यालय आयुर्वेदिक शिक्षा कार्यक्रम सम्पन्न भएको।
- पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र दोस्रो अध्यक्ष कप भलिबल प्रतियोगिता भब्य एंव शान्तपुर्ण वातावरणमा सम्पन्न भएको।
- कर्मचारी जनप्रतिनिधि मैत्रीपूर्ण फुटवल प्रतियोगिता भव्यताकासाथ सम्पन्न भएको।
- ४ दिने नमुना युवा संसद अभ्यास कार्यक्रम सम्पन्न भएको।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

## सूचना प्रविधि शाखा तर्फ

- गाउँपालिको आफनै लोगो लेटरहेड तथा कामकाजमा प्रयोगमा ल्याइएको ।
- निजि क्षेत्रको सर्भरमा रहेको पालिकाको विभिन्न सफट्वेयरहरु नेपाल सरकारको Government Cloud मा स्थानतरण गरि सूचना प्रविधि विभाग सँग सम्झौता गरिएको ।
- कार्यालयको हाजिरी सिस्टमलाई सूचना प्रविधि विभागको केन्द्रिकृत हाजिरी प्रणालीमा आबद्ध गरि इ–हाजिरी प्रणाली सुरुवात गरिएको ।
- राजश्व भुक्तानीलाई नगद रहित बनाउने उदेश्यले गाउँपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट QR Based मा आधारित भुक्तानी प्रणाली सुरुवात गरिएको ।
- स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिसा) मा **७४.२५** अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा **६७.५** अंक प्राप्त गरि समयमै कार्य सम्पादित गरिएको ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्यांकनमा ६८.३ अंक सहित जिल्लामै उत्कृष्ठ र पहिलो नतिजा हासिल गर्न सफल ।

## आर्थिक प्रशासन शाखा

| विनियोजित रकम रु. | | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३७,९३,४९,४४२।१२ | २२,५९,७४,८४४.९९ | ६०.४१ |
| पूँजीगत तर्फ | १७,२३,११,०६८ | ४,६६,९५,८०५.२४ | २६.२९% |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३

# राजश्व संकलन तर्फ

**अवधि २०८०।०४।०१ देखि २०८१।०१।२६ सम्म सफ्टवेयरमा देखिएको प्रविष्ट रकम**

| वडा कार्यालय | पुरानो सफ्टवेयर (मालपोत)को रकम रु. | SUTRA सफ्टवेयरको रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|
| गाउँपालिका | 869,774.60 | 1,961,258.80 | 2,831,033.40 |
| वडा नं १ | 116,794.50 | 401,395.00 | 518,189.50 |
| वडा नं २ | 144,207.70 | 143,248.00 | 287,455.70 |
| वडा नं ३ | 231,812.90 | 362,990.00 | 594,802.90 |
| वडा नं ४ | 135,765.30 | 404,321.00 | 540,086.30 |
| वडा नं ५ | 127,961.50 | 207,940.00 | 335,901.50 |
| वडा नं ६ | 59,593.30 | 239,150.00 | 298,743.30 |
| वडा नं ७ | 111,516.90 | 287,960.50 | 399,477.40 |
| वडा नं ८ | 214,900.80 | 153,990.00 | 368,890.80 |
| **जम्मा** | **2,012,327.50** | **4,162,253.30** | **6,174,580.80** |
| बैंक जम्मा | | | **651,818.60** |
| कूल जम्मा रकम रु | | | **6,826,399.40** |

# कृषि र पशु विकास तर्फ

रिब्दीकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाट संचालित यस रिब्दीकोट गाउँपालिका पशु सेवा शाखामा २०८०/०८१ मा दर्ता भएका पशु विकास फार्म र मृत्यु प्रमाणित र सम्पुर्ण सम्पन्न प्रगती

| सि.नं. | पशु विवरण | संख्या |
|---|---|---|
| १ | भैसी | १ |
| २ | गाईभैसी | – |
| ३ | वाखा | १ |
| ६ | एकिकृत कृषि तथा पशुपंक्षी फार्म | ३ |
| ७ | मृत्यु प्रमाणित | २१ |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | विवरण | गाईभैसी | बाखा | वंगुर | कुखुरा | जम्मा पशुपंक्षी संख्या | लाभांन्वित कृषक संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल उपचार | ८०६ | ११२६७ | ५७३ | २५६८ | १५२२३ | १२६९ |
| २. | माइनर सर्जिकल सेवा | २६ | २४ | ३१ | - | ८१ | ६८ |
| ३ | गाईनोल्कोजिकल उपचार | २१६ | ५६ | १० | - | २८२ | २७१ |
| ४ | गोवर परिक्षण सेवा | १३१ | ९० | - | - | २२१ | २०७ |
| ५ | पिसाव परिक्षण सेवा | | | - | - | | |
| ६ | कृत्तिम गर्भाधान सेवा | ३७ | - | - | - | ३७ | ३७ |
| ७ | एकिकृत घुम्ती शिविरमा निःशुल्क पशुपंक्षी औषधी वितरण | ८९ | १२१२ | ३५ | ५६९ | १९०५ | २५७ |
| ८ | पि.पि.आर रोग भ्याक्सिनेसन् | | १२००० | | | १२००० | ६९२ |
| ९ | एफ .एम.डि रोगको भ्याक्सिनेसन् | २१८४ | | ३१६ | | २५०० | ८४७ |
| १० | लम्फी स्कीन रोगको भ्याक्सिनेसन् | ४०० | | | | ४०० | २९४ |

## पशु सेवा शाखा कार्यक्रम विवरण :

| क्र.सं. | कार्यक्रम | विनियोजित वजेट | ईकाइ | अनुदान( प्रतिशत) | भुक्तानी भएको रु. | हुँन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाई भैसी विकास कार्यक्रम(२ माउ गाईभैसी पाल्ने कृषकको लागि मागमा आधारित कार्यक्रम) | २ लाख | ८ वटा | ५०% | | | पेश भएका आवेदनलाइ छनौट गरि सम्झौता गर्ने प्रक्रियामा रहेका |
| २ | उत्पादनमा आधारित अनुदान | ५० लाख कृषि पशु | | प्र.लि.रु.४ | ५,००,५७७ | माघ महिना देखि हाल सम्मको बाकी | वैशाख मसान्त सम्मको रेकर्ड संकलन प्रक्रियामा रहेको |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपंक्षी मेडिकलको औषधी खरिद | ११ लाख वडा सहित | | | | | टेन्डर खुलाइ खरिद प्रक्रियाबाट अन्तिम चरणमा रहेको |
| ४. | हिउदे तथा वर्षे घाँसको विउ तथा विरुवा वितरण कार्यक्रम | २ लाख | के.जि. वटा | ७५% | ९२,०००। | हिउदे जै, ५५० के.जि. वर्षिम ११० केजी वितरण | वर्षे घाँसको विरुवा वितरण को लागि माग संकलन गर्ने तयारी मा रहे को |
| ५. | पशु सम्वन्धि निःशुल्क खोप तथा आकस्मिक उपचार | ३,००,०००। | | | | एफ.एम.डि.२५०० पि.पि.आर १४००० | निःशुल्क खोप कार्यक्रम भइरहेको भुक्तानी हुन बाकी |

सशर्त अनुदान

| क्र.सं. | कार्यक्रम | विनियोजित वजेट | ईकाइ | अनुदान ( प्रतिशत) | भुक्तानी रु. | हुन बाकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | निरन्तर्ता बाख्रा पकेट कार्यक्रम | ७,०२,०००। | वटा | ५०% | ७,०२,०००। | | बाख्राको खोर निर्माण |
| २. | ए आई मिसन कार्यक्रम | १,८८,०००। | | | | | संचालनको प्रक्रियामा रहेको |

## स्वास्थ्य सेवा तर्फ

- कोभिड १९ विरुद्धको बुस्टर खोप अभियान संचालन गरि २०९८ जनालाई सुरक्षित गरिएको ।
- कोभिड १९ खोपको ३१५ जनाको QR कोर्ड भेरिफिकेशन गरिएको ।
- दादुरा रुवेला खोप अभियान सम्पन्न गरिएको ।
- स्वास्थ्य संस्थाहरुको आ.व. २०७९/२०८० को बार्षिक समिक्षा सम्पन्न गरिएको ।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सिद्धीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

- पोषण, स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड, क्षयरोग कार्यक्रमहरुको समिक्षा गरिएको ।
- सबै विध्यालयहरुमा किशोरीहरुको लागि आईरन वितरण गरिएको ।
- स्तनपान सप्ताह, परिवार नियोजन दिवस सबै स्वास्थ्य संस्थाहरुमा मनाई सम्पन्न गरिएको ।
- असाध्य दीर्घ रोगीलाई पोषण तथा यातायात सुविधा कार्यक्रम अर्न्तगत हाल सम्म ८३ जनालाई रु ६०००।- का दरले आर्थिक सहयोग गरिएको ।
- विपन्न नागरिक औषधी उपचार कोषको लागि २० जनालाई रु. १,००,००० को लागि सिफारिस गरिएको ।
- लुम्बिनी प्रदेश सरकारबाट क्यान्सर, मुटु र मृगौला रोगीहरुको लागि ९ जनालाई रु. २,००,००० को सिफारिस गरिएको ।
- औषधी उपचार वापत मासिक रु ५ हजारका दरले उपलब्ध गराईने ५२ जनालाई अर्धि बार्षिक सम्म को बैक भुक्तानी गरिएको ।
- सबै गर्भवती महिलालाई नेपाल सरकारको प्रोटकल अनुसार गर्भ जाँच गरेकोमा पोषणका लागि अण्डा वितरण गरिएको ।
- विशेषज्ञ स्वास्थ्य शिविर मंसिर देखि चैत्र सम्म हरेक महिना संचालन गरिएको उत्तल शिविरमा ४८० जनाले स्वास्थ्य सेवा लिइएको ।
- विध्यालय आखाँ जाँच तथा नागरिक हरुको आखाँ परिक्षण संचालन गरि रहेको ।
- ४८ हप्ता सम्म निरन्तर हरेक शुक्रबार आधा घन्टा सबै स्वास्थ्य संस्थामा सरसफाई कार्यक्रम गरिएको ।
- पूर्णखोप पालिका सुनिश्चितता घोषणा गरिएको ।

## पालुङ्ग मैनादी आयुर्वेद औषधालय तर्फ

### १. नियमित सेवा तर्फ

- दैनिक विरामी परिक्षण तथा निशुल्क आयुर्वेद औषधि बितरण गरिएका सेवाग्राही महिला ४५९, पुरुष ३७४, **जम्मा ८३३**
- पुर्बकर्म/पञ्चकर्म सेवा तर्फ स्नेहन, स्वेदन, वाह्य वस्ति, शिरोधारा गरिएका सेवाग्राही महिला ९३, पुरुष ६३, **जम्मा १५६**

प्रमुख प्रशासकीय अधिकृत

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

- जेष्ठ नागरिक सेवा तर्फ रसायन औषधी वितरण गरिएका सेवाग्राही महिला ५८, पुरुष ५९, **जम्मा ११७**
- स्तनपायी सेवा तर्फ स्तनपायी आमालाई स्तन्यवर्धक तथा पोषण औषधी बितरण गरिएका सेवाग्राही **जम्मा १७**
- नागरिक आरोग्य (गाउँघर) क्लिनिक तर्फ प्रत्येक महिनाको १० र २५ गते खस्यौली, पुरानो प्राथमिक स्वास्थ्य केन्द्र भवनमा सञ्चालन गरिएका सेवाग्राही महिला १११, पुरुष ८३, **जम्मा १९४**
- **कुल जम्मा सेवाग्राही १३१७**

## २. कार्यक्रम तर्फ

| क. स. | कार्यक्रम | बिवरण | सहभागी | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | श्री भैरव जनता मा.वि. भैरबस्थान, र श्री भवानी मा. वि. कुसुमखोला छनोट गरी शिक्षक/शिक्षिकाहरुलाई २ दिने अभिमुखिकरण गरि विद्यालयमा सञ्चालन गरिएको | अभिमुखिकरण कार्यकममा शिक्षक/शिक्षिका **१० जना**<br>विद्यालयमा शिक्षक/शिक्षिका **१३ जना**, विद्यार्थी **१६९ जना** | |

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिकाको विपन्न वर्ग उत्थान कार्यक्रमको बजेटबाट श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम अन्तरगत ४२ जनालाई सचेतना, ११ जोर ट्राकसुट वितरण तथा स्वास्थ्य बिमा कार्यक्रम सम्पन्न भएको।
- स्थानीय निर्देशक समितिको निर्णयबाट गाउँपालिकाको ५ वर्षे रोजगार रणनीतिको ड्राफ तयारी कार्य सम्पन्न।
- गाउँपालिकाको रोजगार सम्वाद मञ्च संचालन, गठन र परिचालन सम्बन्धी कार्यविधि तयार गरी कार्यपालिकाबाट स्वीकृत कार्य सम्पन्न र रोजगार सम्वाद मञ्च गठन कार्य सम्पन्न।
- आगामी आ.व. २०८१।०८२ को लागि रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा ८४५ जना बेरोजगार व्यक्तिको निवेदन प्रविष्टि कार्य सम्पन।
- वैदेशिक रोजगारीमा जाने १२ जना व्यक्तिलाई श्रमस्वीकृतीको लागि सहजिकरण तथा प्रदान।
- ७९ जनालाई १०० दिने रोजगारी कार्यक्रम अन्तर्गत (खेल मैदान, पर्यटन पदमार्ग निर्माण, मोटरबाटो, गोरेटोबाटो, सामुहिक कृषि खेती तथा नाली निर्माण र ढुंगा छपाई तथा सिढी निर्माण आदि जस्ता योजनामा) वडा नं ३, ४, ५ र ८ का ७ वटा योजना सम्पन र १, २, ६ र ७ का ७ वटा योजनाहरुको ८० देखि ९० प्रतिशत काम सम्पन्न भएको छ।

## विपद व्यवस्थापन अन्तर्गत

- ५० घरपरिवार विपद पिडितलाई जम्मा रू ४२३००० राहत रकम वितरण गरिएको।
- भूमिहिन सुकुम्वासी/दलित भूमिहिन र अव्यवस्थित सुकुमबासीहरूको ९० घर परिवारको लगत संकलन।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३

## सामाजिक सुरक्षा तर्फः

| लाभग्राही नविकरण | नयाँ दर्ता | लगत कट्टा | जम्मा कायम लाभग्राही संख्या |
|---|---|---|---|
| २९४९ | २७२ | ११७ | ३१०४ |

## पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा तथा खर्च विवरणः

| कायम संङ्ख्या | निकासा रकम (रु.) | वितरण गरेको संङ्ख्या | वितरण रकम (रु.) |
|---|---|---|---|
| ३०४३ | २८४५९८७३ | ३०४१ | २८४००३९९ |
| | | निकासा फिर्ता | ५९४७४ |

## दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा तथा खर्च विवरणः

| दोस्रो त्रैमासिक | | | |
|---|---|---|---|
| कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| ३०८० | २८९०६६६८ | ३०६६ | २८७५६६५५ |
| निकासा फिर्ता | | | १५००१३ |

## तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा विवरणः

| कायम संङ्ख्या | निकासा रकम (रु.) |
|---|---|
| ३१०४ | २९०४०११८ |

## घटनादर्ता तर्फः

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद जम्मा | विवाह जम्मा | बसाई सराई | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | | | आएको दर्ता संख्या | | जाने दर्ता संख्या | | |
| १९८ | १५८ | ३५६ | १०४ | ६५ | १६९ | २९ | १९१ | ६ | २३ जना | ५७ | २१३ जना | ८०८ |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पोली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

## महिला विकास शाखा तर्फ

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा गाउँपालिका स्तरीय सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।
- नारी दिवसको अवसरमा रिब्दीकोटको विकासमा महिलाको भुमिका शिर्षकमा गाउँपालिका स्तरीय वक्तृत्वकला कार्यक्रम तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका र प्रदेश स्तरको खेलमा छनौट भएका ४ जना खेलाडीहरु सम्मान कार्यक्रमको आयोजना गरि सम्पन्न गरिएको ।

**ग वर्गका अपाङ्गता भएका लाभग्राहीहरूलाइ ०८०/८१ मा अपाङ्गता भत्ता वितरण**

**प्रथम त्रैमासिक निकासा तथा खर्च:**

| लाभग्राही संख्या | निकासा रकम रु. | वितरण गरेको संङ्ख्या | वितरण रकम रु. |
|---|---|---|---|
| १०२ | २३६८०० | १०२ | २३६८०० |

**दोस्रो त्रैमासिक निकासा तथा खर्च:**

| लाभग्राही संख्या | जम्मा रकम रु. | वितरण गरेको संङ्ख्या | वितरण रकम रु. |
|---|---|---|---|
| १०३ | २४१६०० | १०३ | २४१६०० |

**तेस्रो त्रैमासिक त्रैमासिक निकासा तथा खर्च:**

| लाभग्राही संख्या | वितरण रकम रु. | वितरण गरेको संङ्ख्या |
|---|---|---|
| १०१ | २४१६०० | १०१ |

## सहकारी तर्फ

- रिब्दीकोट गाउँपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण सहकारी संस्थाका व्यवस्थापकहरुलाई ३ दिने सहकारी लेखा तथा वित्तिय व्यवस्थापन तालिम सञ्चालन गरिएको ।
- ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारी संस्थाहरुको पदाधिकारीहरु तथा कर्मचारीहरु बिच सहकारीको अर्थ, मुल्यमान्यता, सहकारीको सिद्दान्त तथा संचालक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि जानकारी र सहकारी संस्थाका पदाधिकारीहरु तथा व्यवस्थापकहरु बिच गाउँपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

रिब्दिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

## गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रमको तर्फ

- रिब्दिकोट गाउपालिका वडा न. २.४ मा सामाजिक परिचालन अन्तर्गत अभिमुखीकरण तलिम सम्पन्न, रिब्दिकोट गाउपालिका वडा न. २,४ मा ८ दिने उधमशिलता विकास तालिम सम्पन्न।
- रिब्दिकोट गाउपालिका व डा न ५ कुसुमखोलामा एडभान्स अगरबति बनाउने तालिम सप्पन्न

## पुर्वाधार तर्फ

| कुल ठेक्का | सम्झौता भएका | सम्पन्न |
|---|---|---|
| ११ | १० | सत प्रतिशत सम्पन्न २ वटा<br>९ वटा ३० प्रतिशत भन्दा माथि कार्य सम्पन्न |

## योजना तर्फ

| कुल योजना | सम्झौता भएका | सम्पन्न | सम्झौता % |
|---|---|---|---|
| २०९ | १८० | १३० | ६२ % |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत